# प्रधान सेनापति महारथी श्री राजेन्द्र क्षत्रीबाट "नववर्ष-२०७५" को उपलक्ष्यमा नेपाली सेनाका सकलदर्जालाई दिनु भएको शुभकामना सन्देश

१. स्वदेश तथा विदेशका विभिन्न स्थानहरुमा तैनाथ रही अहोरात्र आफ्नो कर्तव्य निर्वाह गरिरहनु भएका नेपाली सेनाका सकलदर्जा, नेपाली सेना अन्तर्गत सेवारत निजामती कर्मचारीहरु, अवकाश प्राप्त सैनिकहरु एवं सम्पूर्ण परिवारजनमा मेरो व्यक्तिगत तथा समस्त नेपाली सेनाको तर्फबाट **"नववर्ष–२०७५"** को सुखद उपलक्ष्यमा सुख, शान्ति, सुस्वास्थ्य एवं समृद्धिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

२. **"नेपाली सेना नेपाली जनताको आस्था एवं भरोसाको केन्द्र तथा एकताको प्रतीक हो"** । नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधीनताको रक्षा लगायतका संविधान प्रदत्त जिम्मेवारीहरु हाम्रो परम् कर्तव्य हो । हामी आफ्नो कर्तव्य पथमा अडिग रही देशको गौरवमय इतिहासलाई जीवन्त राख्न सदैव समर्पित रहेका छौं । राष्ट्र सुरक्षाको महत्वपूर्ण जिम्मेवारी वहन गर्दै सम्पूर्ण नेपाली जनताको सर्वोपरि हितमा आफूलाई समर्पण गर्न पाउनु हाम्रो लागि सुवर्ण अवसर हो ।

३. नेपाली सेनाले स्वदेश तथा विदेशमा कर्तव्यपालनाका सिलसिलामा देखाएको व्यवसायिकता सर्वत्र प्रशंसित रहदैं आएको छ । आफूलाई प्राप्त जिम्मेवारी निर्वाहको क्रममा तपाईं हामीले प्रदर्शन गरेको कार्य दक्षताको कारण नेपाली सेना जनता माझ विश्वासिलो र भरपर्दो आशाको केन्द्रविन्दु बन्दै गइरहेको छ ।

४. नेपाली सेनाले संविधान कार्यान्वयनको क्रममा नेपाल सरकारबाट घोषित सबै तहका निर्वाचनहरुलाई स्वतन्त्र, निष्पक्ष र विश्वसनीय वातावरणमा सम्पन्न गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेको थियो । निजामती प्रशासन तथा अन्य सुरक्षा निकायहरुसँगको सहकार्यमा निर्वाचन सम्बद्ध जिम्मेवारी प्रशंसनीय ढंगबाट पूरा गरी एक विश्वसनीय फौजको छवि कायम राख्न सफल भएकोमा सबै तहका कमाण्डर, स्टाफ लगायत सकलदर्जालाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

५. अन्त्यमा, नेपालको संविधान र नेपाल सरकारले सुम्पेका जिम्मेवारीहरू सम्पन्न गर्न नेपाली सेनाका सकलदर्जालाई सदा झैं दृढ र एकताबद्ध रहन प्रेरणा मिलोस् भन्दै, उत्तरोत्तर प्रगतिको कामना सहित पुन: **"नववर्ष–२०७५"** को हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

जङ्गी अड्डा ।
मिति २०७४/१२/२० गते ।

राजेन्द्र क्षत्री
महारथी
प्रधान सेनापति